**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १६ फरवरी २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा आदि महोत्सव २०२५ को उद्घाटन गर्नुभयो।
- प्रधान मंत्री नरेन्द्र मोदीले भारत छैठौ सबैभन्दा ठुलो कपड़ा अनि परिधान निर्यातक देश बनेको बताउनुभएको छ।
- नयाँ दिल्ली रेलवे स्टेशनमा हिज राती भएको भागदौड़को उच्चस्तरीय जांच शुरू भइसकेको छ भने हाल सम्म घटनामा १८ मानिसको मृत्यु भइसकेको छ।
- सेवानिवृत्त भारतीय प्रशासनिक सेवा अधिकारी ए.आर. बरधानले पश्चिम बंगालको नयाँ सतर्कता आयुक्तको रुपमा शपथ ग्रहण गर्नु भएको छ।
- पहाडमा पर्यटनको थप नयाँ सम्भावनाहरुको खोजी गर्ने क्रममा कालेबुङको रेलीमा आज हट एयर बलुनको उडान परीक्षण गरियो।

**आदि महोत्सव**

राष्ट्रपति द्रौपदी मुर्मूले आज नयाँ दिल्लीमा आदि महोत्सव २०२५ को उद्‌घाटन गर्नुभयो। यस अवसरमा राष्ट्रपति मुर्मूले भन्नुभयो, देशमा जनजातीय मानिसहरूको परम्परा अनि जनजीवनले राष्टको संस्कृतिलाई समृद्ध गर्दछ। उहाँले भन्नुभयो जनजातीय कल्याणको निम्ति यस वर्षको बजटमा आदिवासी कल्याणको निम्ति आवण्टन राशी तीन गुणा वृद्धि गरिएको छ। आदिवासी समाजको उत्थानबाट नै देश विकसित हुने उहाले बताउनु भयो। आदि महोत्सवको उद्‌देश्य भारतको आदिवासी समुदायहरूको जीवन्त संस्कृति, विरासत अनि आर्थिक क्षमतालाई प्रदर्शित गर्न रहेको छ। यस महोत्सवमा विभिन्न राज्य अनि केन्द्र शासित प्रदेशहरूको विविध परम्पराहरूको प्रतिनिधित्व गर्ने आदिवासी शिल्पकार, कलाकार अनि खाद्य स्टलहरूको जमघट हुनेछ।

**पीएम भारत टेक्स 2025**

प्रधानमन्त्री नरेंद्र मोदीले भन्नुभएको छ, भारतको सांस्कृतिक विविधता देशका विभिन्न भागहरुबाट आउने वस्त्रहरुमा प्रतिबिम्बित हुन्छ। आज नयाँ दिल्लीको भारत मण्डपममा भारत टेक्स 2025 मा उपस्थित मानिसहरुलाई सम्बोधित गर्दै श्री मोदीले फार्म, फाइबर, फैब्रिक, फैशन र फॉरेनको विजन एक मिशन बनेको छ भन्दै यसले भारतका विभिन्न विकास क्षेत्रहरुको विस्तार गरिरहेको भन्नुभयो। उँहाले भन्नुभयो बर्तमानमा भारत आज छैठौ सर्ववृहद वस्त्र र परिधान निर्यातक हो। उँहाले भन्नुभयो वस्त्रको क्षेत्रमा भारतको निर्यात वर्तमानमा तीन लाख करोड़ रुपियाँ छ र 2030 सम्ममा यसलाई नौ लाख करोड़ रुपियाँ सम्म पुर्याउने लक्ष्य रहेको छ। प्रधानमन्त्रीले प्रदर्शनी क्षेत्रको पनि भ्रमण गर्नुभयो साथै उँहाले प्रदर्शकहरुसित वार्तालाप गर्नुभयो। भारत टेक्स 2025 एक प्रमुख वैश्विक कार्यक्रम हो जुन 14 देखि 17 फरवरीसम्म आयोजित गरिन्दैछ। यो आयोजनमा काँचो उत्पाददेखि लिएर तैयार उत्पादहरु, सहायक उपकरण सहित सम्पूर्ण ज्मगजपसम मूल्य श्रृंखला एउटै स्थानमा उपलब्ध छन। भारत टेक्स प्लेटफ़र्म वस्त्र उद्योगको सबैभन्दा ठूलो र व्यापक कार्यक्रम हो।

**दिल्ली रेलवे स्टेशन भगदड़**

रेलवेका प्रधान मुख्य वाणिज्यिक प्रबन्धक नरसिंह देव र प्रधान मुख्य सुरक्षा आयुक्त पंकज गंगवार हिजो राती नयाँ दिल्ली रेलवे स्टेशनमा भएको भागदौड़कौ जांचका लागि गठित समितिको हिस्सा हुनेछ। समितिले जाँचका लागि नयाँ दिल्ली रेलवे स्टेशनको सम्पूर्ण वीडियो फुटेज मागेको छ। दिल्ली पुलिसले पनि भगदड़ भन्दा अघि घटनाक्रमको पत्तो लगाउनका लागि सीसीटीवी फुटेजको विश्लेषण गर्नेछ। उत्तर रेलवेले यस घटनामा मर्ने व्यक्तिहरुको परिजनलाई दस दस लाख रुपियाँए गंभीर रूपले घाईते भएकाहरुलाई 2 लाख 50 हजार रुपियाँ र मामूली रूपमा घाईतेहरुलाई एक एक लाख रुपियाँको अनुग्रह राशी

दिने घोषणा गरेको छ। घाईतेहरुलाई नयाँ दिल्लीको लोक नारायण जयप्रकाश अस्पतालमा भर्ती गराईएको छ। अस्पतालको हेल्पलाइन नम्बर ९८७३ ६१७० २८ र ०११ २३५० १२०७ रहेका छन्।

**राज्यपाल-शपथ**

पश्चिम बंगालको राज्यपाल सी.भी. आनन्द बोसले हिज सेवानिवृत्त भारतीय प्रशासनिक सेवा अधिकारी ए.आर. बरधानलाई नयाँ राज्य सतर्कता आयुक्तको शपथ ग्रहण गराउनु भयो। हिज राज भवनमा आयोजित एउटा समारोहमा राज्यपालले श्री बरधानलाई शपथ ग्रहण गराउनु भयो। यस अवसरमा राज्यको मुख्य सचिव लगायत अन्य वरिष्ठ अधिकारीहरुको उपस्थिति पनि रहेको थियो।

**शिक्षक भ्रष्टाचार आरोप**

प्राथमिक शिक्षकहरूको नियुक्ति भ्रष्टाचारमा राज्यको पूर्व मन्त्री श्यामल सान्तराको नाम अघि आए पछि बाकुड़ा जिल्लामा राजनीतिक गतिविधि तेज भएको छ। यस मामिलामा भाजपा अनि माकपाले जाच गरी दोषीहरू विरूद्ध कार्यवाही गर्ने माग गरिरहेको छ।

**कालेबुङ्ग-परीक्षण**

पहाडमा पर्यटनको थप नयाँ सम्भावनाको खोजी अन्तर्गत कालेबुङको रेलीमा आज हट एयर बलुनको उडान परीक्षण गरियो। यस अवसरमा कालेबुङको जिल्ला शासक बालासुब्रमन्यम टीए विधायक रुदेन सादा लेप्चाए प्रशासनिक अधिकारी प्रितम लिम्बू आदिको विशेष उपस्थिति रहेको थियो। हट एयर बलुनको यो उडान सफल भए क्षेत्रमा एड्भेन्चर टुरिजमको नयाँ ढोका खोलिने तथा यहाँ पर्यटनको थप नयाँ गन्तव्य स्थापित हुने बताइएको छ। हालैमा पर्यटन विभागले कालेबुङमा पर्यटनमाथि के कस्ता सम्भावना र कार्य गर्न सकिनेछ भन्ने विषयमा अध्ययन तथा अनुसन्धान गरिरहेको छ। यसै क्रममा आज यो परीक्षण गरिएको हो। स्मरण रहोस् केही दिन अघि मिरिकमा पनि हट एयर बलुनको उडान परिक्षण गरिएको थियो।

**खर्साङ गुम्बा**

खर्साङको शेर्पा बस्तीमा रेहको शेडुप दार्गेलिङ गुम्बामा गत १४ फरवरीदेखि आयोजित बज्रकिलाय पुजा सम्पन्न भइरहेको थियो भने यस पुजाको आज अन्तिम दिन रहेको छ|यो पुजा लोहसार अघि मनाउने गरिन्छ|तीन दिनसम्म भव्यताका साथमा आयोजित यस पुजाको विशेष उद्धेश्य सर्वप्राणी कल्याण विश्व शान्तिको निम्ति गरिने गरिन्छ|

**चिया-अनशन**

विगत दश बर्षदेखि बन्दरहेको पानीघट्टा चियाबगान, सरकारले हस्तक्षेप गरि खोलिदिने मांगगर्दै, दार्जिलिङ डुवर्स चिया श्रमिक सुरक्षा समितिको तत्वावधानमा चलिरहेको रिले अनशनमाए आज इण्डियन गोर्खा जनशक्ति फ्रण्टका केन्द्रीय प्रमुख संयोजक अजय एडवर्ड्स लगायत हाम्रो हिल तराई डुवर्स चियाबारी श्रमिक संघ-का अध्यक्ष डीके गुरुङ पुगेका थिए| पानीघट्टामा रिले अनशनमा बसिरहेका चिया श्रमिकहरुको दु:ख अनि गुनासोहरु बुझ्न तथा कुन आधारमा समाधान गर्न सकिन्छ भन्ने बिषयमा चर्चा गर्न श्री एडवर्ड्स अनशन स्थलमा पुगेको जानकारी प्राप्त भएको छ ।

**पाठशाला-भवन**

गोर्खालैण्ड क्षेत्रीय प्रशासन (जीटीए) का उप अध्यक्ष तथा क्षेत्रीय सभासद राजेस चौहानले आज शिक्षा विभागका कार्यकारी निदेशक एम मोदकको उपस्थितिमा अप्पर सिडर्स प्राथमिक पाठशालाको नव निर्मित भवनको उद्धाटन गरे। 1978 मा स्थापना भएको सिडर्स प्राथमिक पाठशालाको भवनले लगभग 45 वर्षपछि रूप परिवर्तन गरेको छ। उदघाटन समारोहलाई मुख्य अतिथिको रुपमा उपस्थित सभासद राजेस चौहानले जीटीए क्षेत्रमा शिक्षालाई प्राथमिकता दिन पर्ने बताउनुहुँदै आजदेखि यो पाठशाला सिडर्सवासीको सम्पति भएको बताउनुभयो। यसको साथै क्षेत्रको विकासको निम्ति अन्य धेरै योजनाहरुको पनि पहल

शुरु भएको श्री चौहानले बताउनुभयो। भवन उदघाटन विषयमा पत्रकारहरुसित कुराकानी गर्दै स्थानीयहरुले पनि आभार प्रकट गरेका छन्।

**गिध्द पहाड**

खरसाङको गिध्द पहाडस्थित राईजिङ्ग सन स्पोर्टिङ्ग कराँते क्लबको आयोजनामा गिध्द पहाडमा विद्यार्थीहरुलाई लिएर शिक्षा र खेलकूद विषयमा आज सचेतना कार्यक्रम सम्पन्न भएको छ। गिध्द पहाडस्थित राईजिङ्ग सन स्पोर्टिङ्ग कराँते क्लबको भवनमा प्रशिक्षण केन्द्र र वरिपरिका जम्मा ५४ जना विद्यार्थी नानीहरुलाई लिएर कार्यक्रम आयोजित गरिएको थियो। यस अवसरमा यस कराँते प्रशिक्षण केन्द्रका निदेशक एंव प्रशिक्षकको पहलमा शिक्षा अनि खेलकूद बारे चर्चा परिचर्चा गरियो। कार्यक्रममा कराँते क्लबका नानीहरू साथै अभिभावकहरू पनि उपस्थित रहेका थिए। कार्यक्रममा प्रमुख अतिथिको रूपमा खरसाङ महाविद्यालयका रसायन विभागका प्रध्यापक दिपेन शेर्पा उपस्थित थिए भने विशिष्ट अतिथिको रुपमा खरसाङ महाविद्यालयका अर्थशास्त्र विभागका प्राध्यापक डा दावा शेर्पा उपस्थित रहेका थिए। कार्यक्रममा अग्निशमन विभागबाट अन्य वक्ताहरु पनि उपस्थित रहेको बताइएको छ।

**न्यू जलपाईगुड़ी**

न्यू जलपाईगुड़ी रेलवे स्टेशनबाट सरकारी रेलवे पुलिस (जीआरपी) को एउटा दलले मदिरा अनि खोकीको दवाई अर्थात कफ सिरपको साथमा दुइ आरोपितलाई गिरफ्तार गरेको छ। एनजेपी जीआरपी सूत्र अनुसार हिज राती रेलवे स्टेशनमा अभियान चलाएर १०० बोतल मदिरा अनि ५०० बोतल कफ सिरप जफ्त गरिएको छ। गुवाहाटी एक्सप्रेस ट्रेनको माध्यामबाट यी नशालु पदार्थहरुको तस्करी गर्ने योजना रहेको पुलिस सुत्रले बताएको छ। जीआरपीको दलले अघिको कार्रवाई गरिरहेको छ।

**माटीगाड़ा-गिरफ्तार**

माटीगाड़ा थाना पुलिसले ब्राउन शुगर सहित एक युवकलाई गिरफ्तार गरेको छ। पुलिस सूत्र अनुसारए माटीगाड़ा थाना पुलिसले हिज अबेर राती गुप्त सूचनाको आधारमा अभियान चलाएर तिरासी ग्राम ब्राउन शुगर सहित युवकलाई गिरफ्तार गरेको हो। जफ्त ब्राउन शुगर को अनुमानित बजार मूल्य दुइ लाख रूपियाँ रहेको बताइएको छ। गिरफ्तार युवक यस अघि पनि मादक पदार्थ तस्करी सहित धैरै अन्य मामलाहरुमा पक्रा परिसकेको बताइएको छ। पुलिस अघिको कार्यवाहीमा लागि परेको छ।

**ज्ञापन पत्र**

खस भारतीय हितकारी सम्मेलन सोनादा आञ्चलिक समितिद्वारा सोनादा पुलिस आउट पोष्टमा श्यामसन तामाङ विरुद्ध ज्ञापन पत्र चढ़ाइएको छ। सोनादा पुलिस आउट पोष्टमा ज्ञापन पत्र चढाएपछि समितिको मूल सचिव राजेन छेत्रीले पत्रकारहरुलाई सम्बोधन गर्दै विगत 2 फरवरीमा श्यामसन तामाङले छेत्री बाहुनमाथि असभ्य तरिकाले अभद्र शब्दहरु प्रयोग गरेको कारण यसको विरोध गर्दै ज्ञापन पत्र चढ़ाइएको बताएका छन्।

****** ० ******